# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

**विषय :- कवाडी कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना ।**

पाचौ पटक प्रकाशित मिति:२०७७।६।२

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसमान बाहेकका अन्य यस्तै प्रकृतिको बस्तुको ब्यवसायिक उपयोग गरे बापतका स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम कवाडी कर संकलन गर्न एक बर्षका लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो ७ दिने पाचौ पटकको सिलबन्दि बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । साथै यस अघि यस बोलपत्रका लागि पेश भएको बोलपत्र रद्ध गर्ने निर्णय भएको हुदा बोलपत्र प्रस्ताव प्रस्तावलाई फिर्ता लैजान र नलगेमा स्वत रद्द हुने समेत सूचित गरिएको छ ।

तपसिलका शर्तहरू

१। कवाडी करका लागि न्यूनतम ठेक्का अंक रू १,००,००,०००। (एक करोड मात्र VAT बाहेक ) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले एक बर्ष कायम रहने छ ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। वोलपत्र फाराम मिति २०७७।६।८ गते कार्यालय समयभित्र राजश्व शाखाबाट वा यस कार्यालयको रा.बा.बैको खाता न. ४१७०१००३०१०१०००२ मा नगद जम्मा गरी (रू ३०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

५। वोलपत्र मिति २०७७।६।९ गते दिनको १२.०० वजे भित्र कार्यालयमा पेश गरिसक्नु पर्नेछ । वोलपत्र २०७७।६।९ गते दिनको २.०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिकविदा परे लगत्तै कार्यालय खुलेको दिन सोही समयमा काम हुने छ ।

७। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७०१००३०३००००२ मा नगद जम्मा वा सो रकम बराबरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ ।बाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

११। संकलन गर्ने करको दर रेट यस उपमहानगरपालिकाको आर्थिक ऐन २०७७ मा हेर्न सकिनेछ । बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१२। यस कार्यालयको महालेखा परीक्षकको प्रतिवेदनमा बेरूजु उल्लेख भएकाफर्म वाकम्पनीहरूले यस सूचनाअनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित आन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस ब्यहोरा अनुसार सम्बन्धितफर्म वाकम्पनीहरूले आफ्नो बेरूजु बिवरण यस कार्यालयको लेखाशाखामा रहेको महालेखा परीक्षकको प्रतिबेदन हेर्न समेत सूचित गरिन्छ ।

१३। उक्त सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली, सुदुर पश्चिम प्रदेश, नेपाल
कवाड करको ठेक्का सम्बन्धि सिलबन्दी बोलपत्र

प्रमुख प्रशासकीय अधिकृत

टेण्डर फाराम दस्तुर रू. ३०००।

| सि.नं. | ठेक्का कार्यको बिवरण | कबोल गरेको वार्षिक ठेक्का रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा रू. | अक्षरमा रू. | | |
| १. | यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसमान बाहेकका अन्य बस्तुको व्यवसायिक उपयोग गरे बापत कवाडी करको एक बर्षको वार्षिक ठेक्का रकम | | | | |

ठेकेदारको तर्फबाट

नाम:

फर्मको नाम:

ठेगाना:

फोन नं:

दस्तखत: